# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः २६, कार्तिक ५ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका नगर प्रहरी नियमावली, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।७।५

**प्रस्तावना :** नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम राख्न, नगरपालिकाको सम्पत्ति संरक्षण गर्न एवं नगरपालिकाद्वारा निर्माण गरिएका नीति नियमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्न नगर प्रहरीको भूमिका महत्वपूर्ण रहने हुँदा नगर प्रहरीको व्यवस्थित व्यवस्थापन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (क), दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनिमावलीको नाम "व्यास नगरपालिका नगर प्रहरी नियमावली, २०७७" रहेकोछ ।

(२) यो नियमावली नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेदेखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधि सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(घ) “नगर प्रहरी” भन्नाले व्यास नगरपालिकाबाट नियुक्त सम्पूर्ण तहका नगर प्रहरी कर्मचारी सम्झनु पर्छ ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) “परिवार” भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने कर्मचारिको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला प्रहरीको हकमा निजको सासु ससुरा समेत जनाउँछ ।

(ज) “बोर्ड” भन्नाले स्थानीय सरकार सञ्चाल ऐन, २०७४ बमोजिम गठन हुने नगरपालिकाको कार्यकारीणी समिति सम्झनु पर्छ ।

(झ) “भत्ता” भन्नाले व्यास नगरपालिकाले समयसमयमा तोकिदिए बमोजिमको भत्ता सम्झनु पर्छ ।

(ञ) “स्थायी पद” भन्नाले म्याद नतोकिएको नगरपालिकाको सभाद्वारा स्वीकृत स्थायी पद सम्झनु पर्छ ।

(ट) “सभा” भन्नाले व्यास नगरपालिकाको सभा सम्झनु पर्छ ।

(ठ) “समिति” भन्नाले व्यास नगरपालिकाको पदपूर्ति समिति सम्झनु पर्छ ।

३. **नियमावलीको व्याख्या नगरपालिकाले गर्ने** : (१) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिकामा निवेदन दिन सक्नेछ ।

(२) नियम ३ (१) को सम्बन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरी सक्नु पर्नेछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

४. **नगर प्रहरी सेवाको गठन** : (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

५. **नगरपालिकामा रहने नगर प्रहरीको पद र तह** : (१) सभाले तोकेको पद र तह रहने छन् ।

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेद ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. **नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,
(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,
(ङ) नगर सरसफाई सम्बन्धी ऐन तथा मापदण्डको कार्यान्वयन गर्ने,
(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,
(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,
(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत तथा पुनर्स्थापना गर्ने,
(झ) छाडा पशु चौपायको नियन्त्रण गर्ने,
(ञ) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,
(ट) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाउने,
(ठ) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने र निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी सम्बन्धित शाखा/उपशाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गरी भत्काउने आदेश भएमा भत्काउने ।
(ड) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा/उपशाखा मार्फत प्रमुख समक्ष पेश गर्ने र मापदण्ड विपरीत निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।
(ढ) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाई तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकार चिज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने र पटक पटक यस्तो कार्य दोहोरिएमा जरिबाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।
(ण) रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिबाना समेत गर्न राय साथ पेश गर्ने ।
(त) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारबाही गर्ने र मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।
(थ) खतरा उत्पन्न हुने रुख काट्न लगाई जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।
(द) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक बिकृति हटाउने कार्य गर्ने, गराउने ।
(ध) इजाजत बिना पेशा व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।
(न) व्यास नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने र अटेर गर्नेलाई जरिबाना कारबाही गर्ने ।
(प) बिना इजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाइन लगायतका अन्य विज्ञापन सामग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने नमानेमा जरिबाना गर्ने ।

(फ) नापतौलका सामग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

(ब) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप नचलेको पाइएमा कारबाहीको लागि पेश गर्ने ।

(भ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लगायतका बिकृतिजन्य क्रियाकलापमा रोक लगाउने ।

(म) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(य) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(र) दमकल सेवा सञ्चालनमा सहयोग पुऱ्याउने ।

(ल) नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(व) नगर कार्यपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद ४
## तह विभाजन र पदपूर्ति

७. **स्थायी पद श्रृजना तथा दरबन्दी खारेज** : (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सृजना तथा खारेजी प्रचलित कानुन बमोजिम सभाले समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।

२) सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद सृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौज्जुदा दरबन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने, नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

८. **नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु** : (१) नगर प्रहरीको देहायबमोजिमका पदहरुको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्वारा नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ :

(क) नगर प्रहरी नायव निरीक्षक (Sub-inspector)
(ख) नगर प्रहरी सहायक निरीक्षक (Assistant Sub-inspector)
(ग) नगर प्रहरी जवान

९. **नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा नगरपालिकाले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

१०. **पदपूर्ति गर्ने तरिका** : (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा पचास प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी पदहरुमा बढुवाद्वारा पदपूर्ति गरिनेछ ।

(२) नगर प्रहरी जवान पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(३) नियम १० (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवार छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला २० प्रतिशत
(ख) आदिवासी/जनजाति ३२ प्रतिशत
(ग) दलित १५ प्रतिशत
(घ) मधेसी २८ प्रतिशत
(ङ) पिछडिएको क्षेत्र ५ प्रतिशत

**स्पष्टीकरण :**

१) उपनियम (३) (ङ) को प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

२) उपनियम (३) (क), (ख), (ग), (घ) को प्रयोजनको लागि महिला, आदिवासी/जनजाती, दलित र मधेशी भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी /जनजाति, दलित र मधेशीलाई सम्झनु पर्छ ।

(४) उपनियम ३ बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएबमोजिम हुनेछ ।

तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) नियम १० (३) बमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनु पर्नेछ :

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति बाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा काम गर्ने अन्य निकायबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,
(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,
(ग) नियम १० (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घातांक (फ्रयाक्सन) आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ,
(घ) नियम १० (३) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तीर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**११. नयाँ नियुक्तिको आधार :** (१) नगर प्रहरी नायव निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा नियुक्तिको लागि देहायबमोजिमको आधारमा छनौट गरिनेछ :

(क) शैक्षिक योग्यता
(ख) वौद्धिक क्षमता
(ग) शारीरिक तन्दुरुस्ती
(घ) आचरण
(ङ) उमेर
(च) व्यक्तित्व

१२. **खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु** : (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्ने छन् :

(क) दरखास्त आव्हान भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र ३० वर्ष ननाघेको ।
(ख) स्वीकृत विश्वविद्यालयबाट घटीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेका ।
(ङ) कुनै ध्वंसात्मक संस्थाको सदस्य नभएको वा नरहेको ।
(च) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाइ भएको ।
(छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(ञ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(२) नगर प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(क) छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको ।
(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका पास गरेको ।
(ग) नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।
(घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।
(ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।
(च) स्वीकृत प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।
(झ) नेपाली नागरिक ।
(ञ) महिलाको लागी घटीमा ५ फिट र पुरुषको लागी घटीमा ५ फिट २ इन्च उचाइ भएको ।

१३. **पदपूर्ति समिति** : नगरपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीहरुको लागि समेत पदपूर्ति गर्ने पदपूर्ति समिति मानिने छ । नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गर्न सकिनेछ ।

१४. **परीक्षा र अन्तरवार्ता** : (१) नगर प्रहरी नायव निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा शारिरिक तन्दुरुस्ती वापत ५० पूर्णाङ्कको परीक्षा लिइनेछ र सोमा उत्तीर्ण हुने उम्मेदवारलाई व्यास नगरपालिका करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ अनुसार अन्य परीक्षा लिइनेछ ।

१५. **योग्यताक्रम सूची तयार गर्ने** : (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि

सिफारिस साथ पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) नियम १६ (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) नियम १६ (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

१६. **जेष्ठताक्रम कायम गर्ने** : (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१७. **परीक्षणकालमा राखिने** : (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परीक्षणकाल रहनेछ । तीन महिना परीक्षणकाल थप गर्न सकिनेछ ।

(२) नियम १८ (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ ।

१८. **नियुक्ति सदर** : (१) नियम १७ (१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथ ग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) नियम १८ (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद ५
## सरुवा तथा बढुवा

१९. **सरुवा सम्बन्धी व्यवस्था** : नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी कर्मचारीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगरपालिका क्षेत्रभित्र नगर प्रहरी प्रमुखले गर्नेछ ।

२०. **बढुवा गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा विभिन्न पदमा नगर कार्यपालिकाले बढुवा गर्नेछ ।

२१. **बढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि :** (१) नगर प्रहरी हवल्दारदेखि नगर प्रहरी नायव निरीक्षकसम्म एक तह मुनिको पदमा कम्तिमा तीन वर्षको सेवा अवधि पुगेको हुनु पर्नेछ ।

(२) नियम २१ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको बढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

(क) निलम्बन भएको अवधिभर,
(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,
(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,
(घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,
(ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,
(च) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

२२. **बढुवा गर्दा कार्य क्षमताको मूल्याङ्कन गर्ने आधार** : नगर प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस नियमावली बमोजिम कार्य क्षमताको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ । तर समान अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :

(क) एक तह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा,
(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एक तह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा,
(ग) खण्ड (ख) बमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा,
(घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ ।
१. नोकरीको जेष्ठता
२. कार्यसम्पादन मूल्याङ्कन
३. शैक्षिक योग्यता
४. तालिम
(ङ) जेष्ठताको अङ्क गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अङ्कका दरले बढीमा ३० अङ्क प्रदान गरिनेछ । त्यसरी अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसाबले अङ्क दिइनेछ ।
(च) बढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अङ्क दिइनेछ ।
(छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अङ्क दिइनेछ र त्यस्तो योग्यता वापतको अङ्कको गणना देहायबमोजिम गरिनेछ ।

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय | कैफियत |
|---|---|---|---|---|
| १. हाल वहाल रहेको पदमा नयाँ नियुक्ति दिँदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १५ | १३ | ११ | |
| २. नियम २६ (छ) १ अनुसारको शैक्षिक योग्यता नभई सोभन्दा एक तह मुनिको शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |

तर
(१) श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्वितीय श्रेणी मानिनेछ ।
(२) कम्पार्टमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिनेछ ।
(३) नगर प्रहरी नायव निरीक्षक पदमा बढुवाको लागि नगर प्रहरी सहायक निरीक्षक पदको निमित्त आवश्यक पर्ने शैक्षिक योग्यतालाई आधार मानिनेछ ।

## परिच्छेद ६
## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

२३. **नगरपालिका प्रशासनको नियन्त्रण रहने** : नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने छन् ।

२४. **नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने** : नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नु पर्नेछ ।

२५. **कारबाही गर्दा परामर्श लिने** : कुनै पनि नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारबाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ र नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको स्वविवेक अनुसार हुनेछ ।

## परिच्छेद ७
## आचरण

२६. **दान उपहार लिन नहुने** : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुँदैन ।

२७. **चन्दा लिन नहुने** : कुनै नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

२८. **स्वीकृति बिना अचल सम्पत्ति खरिद गर्न नहुने** : नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । व्यास नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

२९. **सम्पत्तिको विवरण दिनु पर्ने** : (१) हाल वहालमा रहेको नगर प्रहरीले यो नियमावली लागू भएको तीन महिनाभित्र र नयाँ नियुक्ति भएका नगर प्रहरीले नियुक्ति भएको मितिले तीन महिनाभित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ :

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।
२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहररात, सुन, चाँदीको अन्दाजी मूल्य ।
३. उपनियम १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।
४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

३०. **व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि नगर प्रहरीले कार्यालयको स्वीकृति वेगर देहायका काम गर्नु हुँदैन :

(क) कुनै व्यापार गर्न

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

३१. **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन ।

३२. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगर प्रहरीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नु पर्दछ ।

३३. **नगरपालिकाको आलोचना :** नगर प्रहरीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खलल् पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

३४. **निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

३५. **राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

३६. **समय पालन र नियमितता** : नगर प्रहरीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनु पर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

३७. **अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नु पर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नु पर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ ।

३८. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

३९. **बहुविवाह, बालविवाह, अनमेल विवाह प्रतिबन्ध** : नगर प्रहरी कर्मचारीले फौज्दारी आचारसंहिता विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद ८
## सजाय र पुनरावेदन

४०. **सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) नसिहत दिने,
(ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,
(ग) तलब बृद्धि वा पदोन्नति रोक्का गर्ने,
(घ) तल्लो तहमा घटुवा गर्ने,
(ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने,
(च) भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,
(छ) भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

४१. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : नगर प्रहरीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ र दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिने छ ।

४२. **तलब वृद्धि वा पदोन्नति रोक्ने** : नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

४३. **दर्जा र तलब घटाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र व्यास नगरपलिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा,
(ख) अनुशासनहीनता गरेमा,
(ग) आचरणसम्बन्धी नियम उल्लंघन गरेमा,
(घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,
(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,
(च) मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैरहाजिर भएमा,
(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

४४. **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ :

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा,
(ख) राजनीतिमा भाग लिएमा,
(ग) बराबर अनुशासनहीनताको काम गरेमा,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा,
(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,
(च) भ्रष्टाचार गरेमा,

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,
(ज) आचरण सम्बन्धी नियमहरु बराबर उल्लंघन गरेमा,
(झ) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैर हाजिर भएमा ।

**४५.** **सजाय सम्बन्धी कार्यविधि** : (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाईको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस नियम बमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनु पर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनु पर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिब नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ ।

४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ । तर यस्तो निलम्बनको अवधि ६ महिनाभन्दा बढी हुने छैन ।

(५) उपनियम (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

तर

(क) निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब बृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

४६. **सजायको आदेश दिने** : जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ ।

४७. **सेवाको अन्त गर्ने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्दा नियम यस नियम बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन :

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा,

४८. **पुनरावेदनको कार्यविधि** : (१) नियम ४६ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफनो नामबाट पुनरावेदन दिनु पर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाईको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनु पर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिका बोर्डमा गर्नु पर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

४९. **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद ९
## अवकाश, उपदान र निवृत्तिभरण

५०. **अनिवार्य अवकाश :** (१) यो नियमावली जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहायबमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी नायव निरीक्षक -५२ वर्ष

(ख) नगर प्रहरी सहायक निरीक्षक -५१ वर्ष

(ग) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान -५० वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउनेछ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ ।

स्पष्टीकरण : नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा देहायबमोजिम गरिने छ :

(क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको नागरिकता र शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(४) यस नियमावली बमोजिम उपदान पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

(५) यो नियम प्रारम्भ हुँदा नगर प्रहरी सेवामा बहाल रहेका नगर प्रहरी कर्मचारीले उपनियम (१) बमोजिम अवकाश प्राप्त गर्दा प्रचलित कानुन अनुसार उपदानको सेवा सुविधा उपलब्ध गराइने छ ।

**५१. उपदान :** कुनै नगर प्रहरी कर्मचारी कामको सिलसिलामा बिरामी भएमा उपचार खर्च नगरपालिकाले निर्णय गरे बमोजिम उपलब्ध गराइने छ ।

## परिच्छेद १०
## तलब भत्ता

**५२. तलब भत्ता** : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलब र राशन भत्ता नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**५३. तलब वृद्धि** : देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि ग्रेडबृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलबबृद्धि रोक्का । तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधि समेत तलबवृद्धिको निमित्त जोडिनेछ ।

**५४. कायम मुकायम भई काम गरेको तलब भत्ता** : कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउनेछ ।

**५५. अवकाश पाउने कर्मचारी पाउने तलब र राशन** : नगर प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधा समेत पाउनेछ ।

तर कार्यालयमा गैर-हाजिर रही विभागीय कारबाही सुरु गरिएको वा कारबाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन ।

## परिच्छेद ११
## कायम मुकायम र कार्यवाहकको व्यवस्था

**५६. कायम मुकायम मुकरर गर्न सक्ने** : (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन । तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) यस नियमावली बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिका कर्मचारीहरु मध्ये बढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा बढी अङ्क प्राप्त गर्ने नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

५७. **कायम मुकायम गर्ने अधिकारी** : (१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर नगरपालिका प्रमुख प्रशासकीय अधिकृतले गर्ने ।

(२) उपनियम (१) बमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिनेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(४) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैन :

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

५८. **निमित्त भई काम गर्ने व्यवस्था** : (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्ने छन् ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

५९. **एक पदमा एक व्यक्ति मात्र कामय मुकाय वा कार्यवाहक हुने** : कुनै एक पदमा एक समयमा एकभन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

६०. **काम गरेको अवधिको तलब भत्ता :** (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइनेछ ।

## परिच्छेद १२
## तालिम

६१. **तालिमको व्यवस्था** : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन व्यास नगरपालिकाले तोकिएबमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

६२. **तालिम सञ्चालन हुने स्थान :** नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

६३. **तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै नगर प्रहरीहरुको तालिमको अवधि व्यास नगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।

६४. **तालिमको अनिवार्यता** : (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यवसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एक पटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

६५. **तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

६६. **प्रशिक्षक तथा प्रशिक्षार्थीले पाउने सुविधा** : (१) प्रशिक्षक तथा प्रशिक्षार्थीहरुलाई प्रचलित कानुन अनुसार सुविधा उपलब्ध गराइने छ ।

६७. **तालिम सफल भएमा** : देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी आधारभूत तालिममा सफल भएका र परीक्षण कालमा रहेका नगर प्रहरीहरु स्थायी नियुक्तिका लागि सामान्यतया योग्य हुने छन् ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा स्थायी नियुक्तिको लागि योग्य हुने छन् ।

६८. **समिति गठन हुने** : नियम ५७ र ५८ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहरे बमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

६९. **प्रारम्भिक पोशाक** : (१) सबै नयाँ भर्ना हुने नगर प्रहरीहरुलाई स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक नगरपालिकाले दिनेछ ।

७०. **तालिममा सामेल गराउने संख्या** : नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा बाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्ने छन् ।

७१. **प्रशिक्षण भत्ता** : नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

७२. **अतिथि प्रशिक्षकहरुको पारिश्रमिक** : नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

७३. **आन्तरिक तालिम** : एकै पटक नियुक्ति भएमा वा बढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारीरिक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद १३
## पोशाक

७४. **नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

७५. **प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले तोकबमोजिम वर्षको एक पटक जाडो र गर्मी समयको पोशाक उपलब्ध गराइने छ ।

## परिच्छेद १४
## विविध

७६. **विभागीय आदेश र निर्देशन :** ऐन र यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ :

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,
(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय,
(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,
(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय,
(ङ) विभागीय अनुशासन सम्बन्धी व्यवस्था ।

७७. **पुरस्कार :** प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्ने छन् ।

७८. **दशै खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशै खर्चको रुपमा पाउनेछ ।

७९. **बिदा :** कुनै पनि सार्वजनिक बिदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई ड्युटीमा खटाइने छ ।

८०. **अन्य सुविधा तथा व्यवस्था :** (१) नगर प्रहरी कर्मचारीहरुलाई दिइने सुविधाहरु नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो नियमावलीमा जुन सुकै कुरा लेखिएको भए तापनि नियमावली जारी भएपछि हुने बढुवाको हकमा उमेर वा योग्यता जे जस्तो भएपनि एक पटक भाग पाउने छन् ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत